## समाचार सङ्क्षेप

### बलात्कार आरोपमा शिक्षक पक्राउ

**बर्दीबास** (गोरखापत्र), मङ्सिर ९ गते। आफ्नै विद्यालयकी छात्रालाई जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले यहाँको एक विद्यालयका शिक्षकलाई पक्राउ गरेको छ। गौशाला नगरपालिका–५ स्थित गौशाला एकेडेमी विद्यालयका ३३ वर्षीय शिक्षक जुगलकिशोर साहलाई प्रहरीले शुक्रबार नियन्त्रणमा लिएको हो।

उक्त विद्यालयको एल केजीमा अध्ययनरत सात वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा गौशाला–११, बटौवा घर घएका शिक्षक साहलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले जानकारी दिनुभयो। घरबाट पढ्न गएकी बालिकालाई ४० रुपियाँ दिएर शिक्षक साहले ललाइफकाई विद्यालयमै जबरजस्ती करणी गरेको र कसैलाई नभन्न धम्की दिएको भनी पीडित बालिकाका अभिभावकले जाहेरी दिएपछि साहलाई नियन्त्रणमा लिएको प्रहरी निरीक्षक यादवले बताउनुभयो।

घटनापछि डराएको अवस्थामा घर पुगेकी छोरीको हातमा ४० रुपियाँ देखेपछि आमाले शङ्का लागि सोधपुछ गर्दा घटनाको रहस्य खुलेको थियो। बालिकाले शिक्षक साहले विद्यालय भवनको माथिल्लो तलामा लगि आफूमाथि अश्लील हर्कत गरेको बताएपछि अभिभावक प्रहरी कार्यालय पुगेका थिए। घटनापछि बालिकाको स्वास्थ्य अवस्था बिग्रिएको छ। पीडित बालिकालाई ज्वरो आएको र संवेदनशील अङ्गमा चोट लागेकाले हिँडडुल गर्न गाह्रो भएको जनाइएको छ। पीडित बालिकाको प्रादेशिक अस्पताल जलेश्वरमा स्वास्थ्य परीक्षण गराइएको छ। अस्पतालबाट रिपोर्ट प्राप्त भएपछि पीडित बालिकाको स्वास्थ्य अवस्थाबारे यकिन जानकारी हुने गौशाला प्रहरीले जनाएको छ।

### आगलागीमा १२ लाखभन्दा बढी क्षति

**सप्तरी** (गोरखापत्र), मङ्सिर ९ गते। सप्तरीको महादेवा गाउँपालिका ६ स्थित ढिकुली गाउँमा शुक्रबार राति आगलागी भएको छ। रामचन्द्र मण्डल, सहसलाल मण्डल, पप्पु मण्डलको घरमा आगलागी भएको हो।

राति पौने ११ बजे भएको आगलागीमा परी १२ लाख रुपियाँभन्दा बढीको क्षति भएको प्रहरीले जनाएको छ। आगलागीमा तीन जनाको गरी छ वटा घर पूर्ण रूपले जलेर नष्ट भएको पीडित रामचन्द्र मण्डलले जानकारी दिनुभयो । उहाँका अनुसार आगलागीमा परी पाँच वटा खसी, बोका, बाख्रा, एउटा लैनो भैँसी, पाडा, ५० हजार भारतीय रुपियाँ, छ वटा घरमा आंशिक क्षति भएको छ।

## नगर सभा नहुँदा तलब रोकियो

# विद्यालय बन्द गरेर शिक्षक धर्नामा



तस्बिर : जनार्जन खत्री

**हरिपूर्वा नगरपालिकाको कार्यालयमा धर्नामा बसेका शिक्षक ।**

> हरिपूर्वा नगरपालिकामा गएको वर्ष चैत १५ गते प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपाने सरुवा भएर गएदेखि नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाइएको छैन । असार अन्तिमतिर तलब, भत्ता खुवाउनका लागि मात्रै भनी प्रमुख प्रशासकीय अधिकृत निमेश मिश्रलाई पठाइएको थियो । मिश्र केही दिन हाजिर भएर पुनः मन्त्रालयमै फर्किनुभयो ।

**जनार्जन खत्री**
*सर्लाही, मङ्सिर ९ गते*

सर्लाहीको हरिपूर्वा नगरपालिकाका शिक्षक विद्यालय बन्द गरेर धर्नामा बसेका छन्। चालु आर्थिक वर्ष सुरु भएको चार महिना बितिसक्दासमेत नगर सभा हुन नसक्दा शिक्षकले तलब पाउन सकेका छैनन्। साउनदेखि तलब नपाएका शिक्षकले तलब माग गर्दै नगरपालिका कार्यालयमा धर्ना सुरु गरेका हुन्।

शिक्षकको आन्दोलनले बुधबारदेखि नगरपालिकाभित्रका १६ वटा सामुदायिक विद्यालय बन्द हुँदा पाँच हजार विद्यार्थी पठनपाठनबाट वञ्चित भएका छन्। हरिपूर्वा नगरपालिका–५ स्थित केश्वर गरिब जनता माध्यमिक विद्यालय हरिपूर्वाकी शिक्षिका रीनाकुमारी साहले तलब दिनुपर्ने एक सुत्रीय माग राखेर धर्नामा बसेको बताउनुभयो। "विद्यालय बन्द गरेर धर्नामा बस्नुपर्ने अन्य कुनै कारण छैन। भोकै पेट कति दिनसम्म पढाउने ?" साहले भन्नुभयो।

नगरपालिकामा पटक पटक ध्यानाकर्षण गराउँदा दसैँतिहार र छठ जस्ता प्रमुख पर्वमा समेत तलब नपाएपछि बाध्य भई धर्नामा बस्नु परेको आन्दोलित शिक्षकको गुनासो छ। हरिपूर्वा नगरपालिका–४ मा रहेको जनशक्ति प्राथमिक विद्यालय डुमरियाका प्रधानाध्यापक रामजीवन रायले गएको असोज १६ गते ज्ञापनपत्र बुझाएर तलब निकासा गरिदिन माग गरे पनि अहिलेसम्म तलब नपाएको बताउनुभयो।

ज्ञापनपत्र बुझाएर नगर प्रमुखसमक्ष गुनासो राख्दासमेत सुनुवाइ नभएपछि नगरपालिका कार्यालयमा आएर धर्नामा बसेको उहाँले बताउनुभयो। "यत्तिका महिनासम्म तलब नपाउँदा टाढा टाढाबाट यहाँ आएर पढाउने शिक्षकलाई गाह्रो भएको छ," रायले भन्नुभयो।

नगर सभा गर्न नसक्दा हरिपूर्वा नगरपालिकाले शिक्षक, कर्मचारी कसैलाई पनि तलब खुवाउन सकेको छैन। नगरपालिकाका प्रमुख विनोद साह तेलीले प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगर सभा गर्न नसकेको बताउनुभयो।

प्रमुख प्रशासकीय अधिकृत नपाउँदा आफू निरिह बनेको नगर प्रमुख साहको दुःखेसो छ। "नगर सभा गर्न नसकेरै यी सबै समस्या आएका हुन्, नगर सभा गर्न प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्न। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत नपठाइदिँदा आर्थिक गतिविधि ठप्प भएको हो," नगर प्रमुख साहले भन्नुभयो।

हरिपूर्वा नगरपालिकामा गएको वर्ष चैत १५ गते प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपाने सरुवा भएर गएदेखि नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाइएको छैन। असार अन्तिमतिर तलब, भत्ता खुवाउनका लागि मात्रै भनी प्रमुख प्रशासकीय अधिकृत निमेश मिश्रलाई पठाइएको थियो। मिश्र केही दिन हाजिर भएर पुनः मन्त्रालयमै फर्किनुभयो। त्यसपछि विभिन्न प्रमुख प्रशासकीय अधिकृत पठाइएकोमा कसैलाई बाटोबाटै र कसैलाई केही घण्टाभित्रै अन्यत्र सरुवा गराइएको नगर प्रमुख साहले बताउनुभयो।

आफूले कयौँ पटक मन्त्रालयमा पुगेर प्रमुख प्रशासकीय अधिकृत पठाइदिन लिखित तथा मौखिक रूपमा आग्रह गरे पनि सर्लाही क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यसमेत रहनुभएका खानेपानीमन्त्री महिन्द्रराय यादवले हस्तक्षेप गरेर कुनै पनि प्रमुख प्रशासकीय अधिकृतलाई आउनै नदिएको नगर प्रमुख साहले आरोप लगाउनुभएको छ।

# कृषि उत्पादनसँग जोडिन आग्रह



तस्बिर : हरिप्रसाद कोइराला

**युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूलाई ज्ञापनपत्र बुझाउँदै लक्ष्मी माध्यमिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष मोहनकर्ण श्रेष्ठ ।**

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, मङ्सिर ९ गते*

युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले तरकारी र मासुको परनिर्भता अन्त्य गर्न हरेक नागरिक उत्पादनसँग जोडिनुपर्ने बताउनुभएको छ।

मोरङको उर्लाबारी–१, झारसाँदीमा लक्ष्मी माध्यमिक विद्यालयले आयोजना गरेको कार्यक्रममा मन्त्री लिम्बूले यस्तो बताउनुभएको हो। ३० अर्बको चामल र २० अर्ब रुपियाँको मासु आयात गरेर हामी कृषिप्रधान देशका नागरिक भन्न नसुहाउने विचार व्यक्त गर्दै मन्त्री लिम्बूले करेसाबारीमा बेमौसमी तरकारी खेती गरेर पनि आफ्ना भान्सामा आफ्नै उत्पादन खान सकिने बताउनुभयो। उहाँले परम्परागत खेतीबाट सम्भव नभएकाले कृषिमा प्रविधि भित्र्याएर कृषि उत्पादन बढाउन युवालाई स्वरोजगार कार्यक्रमसँग जोडिरहेको बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनकर्ण श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका आर्थिक समिति संयोजक नारायण आचार्यले विद्यालयका आयोजना पूरा गर्न बजेट सुनिश्चितताका लागि पहल गरिदिन आग्रह गर्नुभयो। सोही अवसरमा भावी कार्ययोजनाको रूपरेखासमेत विद्यालयले मन्त्रीलाई बुझाएको थियो।

# गुणस्तरहीन काम गरे कारबाही

**ओखलढुङ्गा समाचारदाता**
*ओखलढुङ्गा, मङ्सिर ९ गते*

राज्य व्यवस्था तथा सुशासन समितिका सभापति एवं नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले विकास निर्माणको काम गुणस्तरहीन भए निर्माण कम्पनीलाई कारबाही गर्ने चेतावनी दिनुभएको छ। ओखलढुङ्गाको साँघुटार–घोराखोरी–सिलौरीघाट सडकको कालोपत्रे गर्ने काममा ढिलाइ भइरहेको र गुणस्तरहीन भएको जनस्तरबाट गुनासो बढ्न थालेपछि आयोजना गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रममा सभापति खतिवडाले यस्तो चेतावनी दिनुभएको हो।

यो सडक ओखलढुङ्गा जिल्लाको लाइफलाइनका रूपमा रहेको चर्चा गर्दै उहाँले यो सडकको काम गुणस्तरीय नभएमा निर्माण कम्पनी कान्छाराम कन्स्ट्रक्सन प्रालि र अनुगमन गर्ने निकाय हर्कपुर सडक डिभिजन कार्यालयलाई समेत कारबाही गरिने बताउनुभयो।

सडक कालोपत्रेका लागि आवश्यक बजेटका लागि आफूले पहल गर्ने सभापति खतिवडाले आश्वासन दिनुभयो। यसका साथै जिल्लाका सम्पूर्ण वडामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुऱ्याउन पहल गर्ने प्रतिबद्धता गर्नुभयो। साँघुटार–घोराखोरी–सिलौरीघाट सडक कालोपत्रेको काम गत वर्षदेखि साँघुटारबाट प्रारम्भ भएको छ।

चम्पादेवी गाउँपालिकाको आयोजनामा घोराखोरीमा सम्पन्न सार्वजनिक सुनुवाइ कार्यक्रममा चम्पादेवी गाउँपालिका अध्यक्ष नवराज केसी, लिखु गाउँपालिका अध्यक्ष अशोक कार्की, नेपाली कांग्रेस कोशी प्रदेश सदस्य रुद्र अधिकारी, ओखलढुङ्गाका नेपाली कांग्रेस जिल्ला सचिव अजय लुइँटेल, सडक डिभिजन कार्यालयका निमित्त प्रमुख सुनिल निरौला, सडक कालोपत्रेको ठेक्का पाएको निर्माण कम्पनी कान्छाराम कन्स्ट्रक्सनका प्रतिनिधि राजन सुवेदीलगायत स्थानीय सरोकारवालाको सहभागिता थियो।

# ठेला व्यापारबाटै जीविकोपार्जन

**धरान समाचारदाता**
*धरान, मङ्सिर ९ गते*

दैनिक रूपमा हजारौँको सङ्ख्यामा युवा वैदेशिक रोजगारीमा गइरहेको अवस्थामा धरानका २९ वर्षीय सरल राईले भने ठेलाबाटै खाजा बेचेर आफ्नो पाँच जनाको परिवार पाली दुई जनालाई रोजगारीसमेत दिँदै आउनुभएको छ।

धरान–२, भानुचोक घण्टाघरदेखि दक्षिणतर्फ पूर्वी पहाडी जिल्ला जाने बस बिहान ३ बजेदेखि बेलुका ५ बजेसम्म रहेको हुन्छ। त्यसपछि बेलुका ६ बजेदेखि बस स्ट्यान्डमा भिडभाड बढ्न थाल्छ। त्यसमा पनि सबैभन्दा बढी चहलपहल ठेलामा खाजा खानेको हुन्छ। त्यहाँ करिब एक दर्जनभन्दा बढी ठेलामा पाँच घण्टासम्म खाजा बेच्न धरान उपमहानगरले छुट दिएको छ।

ठेलामा भए पनि सस्तोमा होटलमा पाइने विभिन्न परिकारका साथमा मिठो ताजा खाजा पाइन्छ। बेलुका ठेलामा राखिएका खाजा कुनै रेस्टुरेन्टको भन्दा कम हुँदैन। रेस्टुरेन्टमा पाइने प्रायः परिकार सस्तोमा पाइने भएकाले साँझपख खाजा खाने मानिसको घुइँचो हुने गरेको छ।

धरान–१७ का २९ वर्षीय सरल राईले पनि हरेक साँझ ठेलामा सस्तो, मिठो र ताजा खाजा बेच्दै आएको तीन वर्ष भएको बताउनुभयो। दिनमा पाँच घण्टा ठेलामा खाजा बेचेरै आफ्नो परिवारको जीविकोपार्जन गर्दै आएको बताउँदै उहाँले ठेलामा दैनिक १५ हजार बिक्री हुने र कुनै बेला बढी पनि हुने गरेको बताउनुभयो। यसै ठेलाको व्यापारले आफ्नो पाँच जनाको परिवार, नानीको विद्यालय शुल्क र हाल ठेलामा खाजा खान आउनेको भिड भएर एक्लै नभ्याउने भई दुई जनालाई रोजगारी दिएको राईले बताउनुभयो।

सुरुमा ठेलामा राखेर खाजा बेच्न लाज लागे पनि हाल आफू यस व्यवसायमा खुसी रहेको उहाँले उल्लेख गर्नुभयो। धेरै पैसा कमाउन नसके पनि आफ्नै गाउँठाउँमा परिवारसँगै बसेर जीविकोपार्जन भएकाले आफ्नो देश छोडेर अन्य देशमा गई दुःख गरी धेरै पैसा कमाउन मन नभएको उहाँले बताउनुभयो। "ठेलामा होटलमा पाइने परिकारमध्ये मम, फ्राइड राइस, मासुको परिकार, ससेज, चाउमिन आदि बेच्ने गरेको छु। प्रायः बेलुका खाजा खाने मानिसदेखि ज्याला मजदुरी गर्ने, सवारीचालकसमेतले प्याकिङ नै गरेर लैजानुहुन्छ," उहाँले भन्नुभयो, "दैनिक रूपमा बेच्ने खाजा दिउँसोसम्ममा परिवारका सबै सदस्यले बनाउँछौँ। खाजा ताजा, सस्तो हुने भएकाले ग्राहक दैनिक रूपमा बढिरहेका छन्।"

नेपालमा अधिकांश युवा काम गर्नुपर्ने लाजले पनि बिदेसिने गरेको राईले बताउनुभयो। आफ्नो देशमा काम गर्न लाज नमानी, जे जस्तो ठाउँ समयमा पनि गर्न सके, खट्न सके यहीँ जीविकोपार्जन गरी बस्न सक्ने वातावरण रहेको राईले बताउनुभयो। दैनिक पाँच घण्टा खटेर १५ देखि २० हजार रुपियाँ बराबरको बिक्री गर्दै आएका राईले यस पेसाबाट सन्तुष्ट भएको बताउनुभयो।

**श्री स्थपति निर्देशनालय जङ्गी अड्डा, काठमाण्डौको**
**बोलपत्र आव्हानको सूचना**
सूचना नं.२०८०/८१/११
(पहिलो पटक प्रकाशित मिति २०८०/०८/१० गते ।)

आर्थिक वर्ष २०८०/८१ मा नेपाली सेनाको निम्न बमोजिमको स्थानमा खानेपानी संरचना निर्माण कार्य गर्नको लागि e–GP (विद्युतिय बोलपत्र) को माध्यमबाट बोलपत्र आव्हान गरिएको छ । नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त ईच्छुक बोलपत्रदाताले विस्तृत जानकारीको लागि सार्वजनिक खरीद अनुगमन कार्यालयको वेवसाईट http://bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रको विवरण**

| सि.नं. | युनिट | स्थान | कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री स्थपति निर्देशनालय | जङ्गी अड्डा, काठमाडौं (निर्माण स्थल त्रिभुवन आर्मी अफिसर्स क्लबको हाताभित्र) | खानेपानी ट्याङ्की निर्माण | |


**नेपाल सरकार**
भन्सार विभाग
**जलेश्वर भन्सार कार्यालय**
जलेश्वर, महोत्तरी
मधेश प्रदेश, जनकपुरधाम

**बोलपत्र स्वीकृतिको आशय सम्वन्धि सूचना**
**प्रकाशन मिति:** २०८०।०८।१०

यस इकाईवाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount (w/o VAT) |
|---|---|---|---|---|
| 1 | JCO/Mahottari/ Works/NCB/04 -2080/81 | Painting Works of Different buildings at Jaleshwor Bhansar Karyalaya, Mahottari | **Singh & Rajput Construction, Jaleshwor-2, Mahottari.** | **1,669,409.59** |
| 2 | JCO/Mahottari/ Works/NCB/03 -2080-81 | Construction Of Yard,Vehicle Dumping Shed and Other Maintenance Works, Jaleshwor, Maliwada, Mahottari | **Baba Nirman sewa, Jaleshwor-4, Mahottari** | **50,94,131.62** |


**Government of Nepal**
**Ministry of Energy, Water Resource and Irrigation**
**Department of Water Resources and Irrigation**
**Sikta Irrigation Project**
**Nepalgunj, Banke**

**Notice for Invitation of Online Bids**
**Date of publication : 2023-11-26 A.D (2080-08-10 BS)**

Department of Water Resources and Irrigation, Sikta Irrigation Project invites the **online bids only** under e-procurement system for the construction of projects mentioned below under National Competitive bidding. For further Details, Bidders are requested to visit the Sikta Irrigation Project, Nepalgunj, Banke, or PPMO's website https://bolpatra.gov.np/egp.

| S. N. | Contract I. D | Description and Location of Work | Fee for bid document (NRs) | Key Qualification Requirement | Bid Security amount in (NRs) |
|---|---|---|---|---|---|
| 1. | *SIP/CAD/GBC/ NCB-01/080-81* | *Construction of Guruwagaun Branch Canal of WMC, (S6, Ch 0+000 to 10+850), and its associated structures, Sikta Irrigation Project, Banke* | *20,000.00* | • *Avg. Annual Turnover: 231.59 Million* • *Similar nature contract: 277.91 Million (at least one)* | *1,32,00,000.00* |
| Last Date & time of Bid Submission : **2080/09/11 (27th Dec, 2023)** (12:00 Noon) | | | | | |
| Bid Opening date & time : **2080/09/11 (27th Dec, 2023)** (14:00 PM) | | | | | |

**Note: Bidders are requested to visit the site before bidding.** **Project Director**

**Kathmandu Metropolitan City**
यँ महानगरपालिका
**Office of the Municipal Executive**
**Kathmandu Plaza, 3rd Floor, Kamaladi, Kathmandu**
**Kathmandu, Bagmati Province, Nepal**

**Invitation for Electronic Bids**
**Notice No. - 09-080-81**
**Date of Publication : 2080-08-10**

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Kathmandu Metropolitan City, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following works.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting | Estimate Amount (NRs.) (Without VAT and Contingencies) |
|---|---|---|---|---|---|---|---|
| 09-30-080-081-NCBG-KMC | Supply and Delivery of Public Toilet Cleaning Goods at KMC | 5,000.00 | 1,80,000.00 (Rupees One Lakh Eighty Thousand Only) | 2080-09-11 12:00 hour 2023-12-27 | 2080-09-11 14:00 hour 2023-12-27 | 2080-09-01 14:00 hour 2023-12-17 | -------- |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Procurement Unit, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Kathmandu Plaza, 3rd Floor, Kamaladi, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
5. Pre-bid meeting shall be held at Procurement Unit, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Kathmandu Plaza, 3rd Floor, Kamaladi, Kathmandu, Bagmati Province, Nepal **on above mentioned date and time**.
6. Electronic bids must be submitted to the office Procurement Unit, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Kathmandu Plaza, 3rd Floor, Kamaladi, Kathmandu, Bagmati Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Procurement Unit, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Kathmandu Plaza, 3rd Floor, Kamaladi, Kathmandu, Bagmati Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening (45 days for Sealed Quotation) and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.**
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

**Procurement Unit**